# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ४६
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल साउन २६ गते आइतबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० डा० अमरेश कुमार सिंह
२. मा० श्री अमृता देवी अग्रहरी
३. मा० श्री आशा कुमारी वि.क.
४. मा० श्री ईन्दु कुमारी शर्मा
५. मा० श्री कृष्ण गोपाल श्रेष्ठ
६. मा० श्री कृष्णभक्त पोखेल
७. मा० श्री खगराज खधिकारी
८. मा० श्री गगन कुमार थापा
९. मा० श्री गणेश कुमार पहाडी
१०. मा० श्री गौरी शंकर चौधरी
११. मा० श्री घनश्याम खतिवडा
१२. मा० श्री छक्क बहादुर लामा
१३. मा० श्री झपटबहादुर रावल

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित प्रतिनिधि सभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट मा० श्री सरिता न्यौपानेलाई शिक्षा तथा स्वास्थ्य समितिमा हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

तत्पश्चात कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका मा० सभापति श्री पूर्ण कुमारी सुवेदीले “भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

त्यसपछि मा० कृषि तथा पशुपंछी विकास मन्त्री श्री चक्रपाणी खनालले “विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त “विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रमोद साह
२. मा० डा० अभिषेक प्रताप शाह
३. मा० श्री गजेन्द्रबहादुर महत
४. मा० श्री प्रेम सुवाल

तत्पश्चात मा० कृषि तथा पशुपंक्षि विकास मन्त्री श्री चक्रपाणि खनालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० कृषि तथा पशुपंछी विकास मन्त्री श्री चक्रपाणी खनालले “विउ विजन (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात “विउ विजन (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री गौरी शंकर चौधरी
२. मा० श्री महेश्वरजंग गहतराज (अथक)
३. मा० श्री रेनुका गुरुङ्ग
४. मा० श्री घनश्याम खतिवडा
५. मा० श्री मन कुमारी जि.सी.
६. मा० श्री पवित्रा निरौला (खरेल)

७. मा० श्री प्रेम सुवाल
८. मा० श्री नवराज सिलवाल
९. मा० श्री अमनलाल मोदी
१०. मा० श्री रामबाबु प्रसाद यादव
११. मा० श्री चन्द्रकान्त चौधरी
१२. मा० श्री पद्मनारायण चौधरी (थारु)
१३. मा० डा० अमरेश कुमार सिंह

त्यसपछि मा० कृषि तथा पशुपंक्षि विकास मन्त्री श्री चक्रपाणि खनालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “विउ विजन (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० युवा तथा खेलकुद मन्त्री श्री जगतबहादुर सुनार (विश्वकर्मा)ले “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री राजेन्द्र कुमार के.सी.
४. मा० श्री डिला सँग्रौला (पंत)
५. मा० डा अमरेश कुमार सिंह
६. मा० श्री भरत कुमार शाह
७. मा० श्री रंगमती शाही
८. मा० श्री प्रेम सुवाल
९. मा० श्री सूर्यप्रसाद पाठक
१०. मा० श्री विमला विश्वकर्मा
११. मा० श्री आशा कुमारी वि.क.
१२. मा० श्री विमला वि.क.
१३. मा० श्री देवेन्द्रराज कंडेल
१४. मा० श्री पद्मनारायण चौधरी (थारु)
१५. मा० श्री शेरबहादुर तामाङ
१६. मा० श्री निरुदेवी पाल
१७. मा० श्री नारायण प्रसाद मरासिनी
१८. मा० श्री मोहन बानियां
१९. मा० श्री रामकुमारी झांक्री
२०. मा० श्री नवराज सिलवाल
२१. मा० श्री तेजुलाल चौधरी

तदुपरान्त मा० युवा तथा खेलकुद मन्त्री श्री जगतबहादुर सुनार (विश्वकर्मा)ले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० गृह मन्त्री श्री रामबहादुर थापाले “राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको प्रहरी समायोजन विधेयक, २०७५ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहित प्रहरी समायोजन विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री राजेन्द्र कुमार के.सी.
३. मा० श्री रामबहादुर विष्ट
४. मा० श्री लक्ष्मणलाल कर्ण
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री प्रदिप यादव
७. मा० श्री रेनुका गुरुङ्ग

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “प्रहरी समायोजन विधेयक, २०७५” का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १६ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले “प्रहरी समायोजन विधेयक, २०७५” का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १६ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि २० सम्म “प्रहरी समायोजन विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “प्रहरी समायोजन विधेयक, २०७६” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले “प्रहरी समायोजन विधेयक, २०७६ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले “राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहितको नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन सहित नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री भरत कुमार शाह
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री लक्ष्मणलाल कर्ण
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री रामबाबुप्रसाद यादव

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५” का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २७ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बुहमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५” का सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २७ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि २२ सम्म “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७६” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० गृह मन्त्री श्री रामबहादुर थापाले “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७६ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले “कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहितको वातावरण संरक्षण विधेयक, २०७५ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहित वातावरण संरक्षण विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री शेरबहादुर तामाङ
२. मा० श्री दिव्यमणि राजभण्डारी

| | | | |
|---|---|---|---|
| ३. | मा० श्री रामबहादुर विष्ट | ५. | मा० श्री नारायण प्रसाद खतिवडा |
| ४. | मा० श्री प्रेम सुवाल | ६. | मा० श्री रामविर मानन्धर |

त्यसपछि मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "वातावरण संरक्षण विधेयक, २०७५" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १९ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "वातावरण संरक्षण विधेयक, २०७५" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १९ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ४६ सम्म "वातावरण संरक्षण विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "वातावरण संरक्षण विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० वन तथा वातावरण मन्त्री श्री शक्तिबहादुर बस्नेतले "वातावरण संरक्षण विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७६ साल साउन २८ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको ४:०० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव